# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०८०/८१

चलानी नं. :-

मिति :-

विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

## " दुध ढुवानीमा अनुदान प्रतिलिटर रु ५" सम्बन्धी सूचना !!!

### सूचना नं- ६९

प्रथम पटक प्रकाशित मिति २०८१/०१/३१

विहादी गाउँपालिका पशु विकास शाखाको आ.व २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **" दुध ढुवानीमा अनुदान प्रतिलिटर रु ५" कार्यक्रम** रहेकोले यस विहादी गाउँपालिका भित्र संचालनमा रहेका दुध संकलन/ढुवानी/विक्रि वितरण गर्ने सहकारीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन **(मिति २०८१/०२/१४ गते**) भित्र विहादी गाउँपालिका वा सम्बन्धित वडा कार्यालयहरुमा तपसिल बमोजिमको प्रकृया पुर्याई निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।**रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्ताव छनौटका लागि समावेश नहुने व्यवहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।**

**निवेदन पेश गर्दा आवश्यक पर्ने कागजातहरु:**

१. सहकारीले कृषकहरु सँग आ.व २०८०/०८१ दुध संकलन गरेको आधिकारिक प्रमाण पेश गर्नुपर्ने छ।
२. सहकारीले सम्बन्धित संस्था लाई दुध विक्रि/वितरण/ढुवानी गरेको आधिकारिक प्रमाण पेश गर्नुपर्ने छ।
३. सहकारीले गत आ.व मा प्राप्त ढुवानी अनुदान रकम सम्बन्धित कृषकलाई उपलब्ध गराएको प्रमाण पेश गर्नुपर्ने ।
४. अनुदान उपलब्ध गराई पाँऊ भनि सहकारीको कार्यसमितिको निर्णय ।
५. सम्बन्धित वडा कार्यालयको सिफारिस।
६. सहकारी दर्ता, नविकरण तथा करचुक्ता भएको प्रमाणपत्रको प्रतिलिपि।
७. सम्बन्धित वडा वा गाउँपालिकाबाट रु १००/- राजस्व (अन्य प्रशासनिक सेवा शुल्क) तिरेको रसिद।

हरि प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत